आकाशवाणी

प्रमुख समाचार

- डाक्टर जितेन्द्र सिंहले भन्नुभयो, मानिसहरूले डिजिटल जीवन प्रमाण पत्र बनाउन अनुहार प्रमाणीकरण अपनाए
- किरेन रिजीजूले गर्नुभयो राहुल गान्धीले लगाएको भोट चोरीको आरोपको आलोचना
- उपराष्ट्रपतिले गर्नुभयो भारतीय वायु सेनाको सूर्यकिरण एरोबैटिक टोलीको एयर शोको अवलोकन
- बिहार चुनाउको पहिलो चरणमा मतदान भोली अनि
- पीयूष गोयलको न्यूभजीलेन्डका समकक्षसित भेट

------------

- Jitendra Singh - Digital Life Certificate

कार्मिक, लोक गुनासो तथा पेन्शन राज्य मन्त्री डाक्टर जितेन्द्र सिंहले भन्नुभयो, पच्चीस लाखभन्दा अधिक मानिसहरूले आफ्नो डिजिटल जीवन प्रमाण पत्र बनाउन अनुहार प्रमाणीकरण (Face Authentication) अपनाएका छन्। डाक्टर सिंहले नयाँ दिल्लीमा चौथो राष्ट्रव्यापी डिजिटल जीवन प्रमाण पत्र अभियानको शुभारम्भको अवसरमा यो कुरा भन्नुभयो। उहाँले भन्नुभयो, यो अभियान डिजिटल इण्डियाको साथमा पेन्शनभोगीहरूको डिजिटल सशक्तिकरणको एउटा अनौठो अवसर हो।

डाक्टर सिंहले भन्नुभयो, पहिला यी प्रमाण पत्रहरू बनाउन बायोमेट्रिकको उपयोग गरिन्थ्यो, तर पचतर वर्ष र त्यसभन्दा अधिक आयुका पेन्शनभोगीहरूका लागि यो व्यवहारिक हुनसक्दैन। डाक्टर सिंहले भन्नुभयो, डिजिटल जीवन प्रमाण पत्र बनाउनका लागि अनुहार प्रमाणीकरणको उपयोग

पेन्शन वितरणमा मात्र सहज नभएर सामाजिक र आर्थिक व्यवहारमा परिवर्तन र उपलब्ध प्रविधिको उपयोगका लागि पनि हो।

-------------------------------------X---------------------------------
----

- Rijiju-Rahul

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रिय मन्त्री किरेन रिजीजूले कंग्रेस नेता राहुल गान्धीद्वारा भाजपामाथि लगाएको भोट चोरीको आरोपको आलोचना गर्नुभएको छ। आज नयाँ दिल्लीमा संवाददाताहरूसित कुराकानीमा श्री रिजीजूले आरोप लगाउँदै भन्नुभयो, श्री गान्धीले आफ्नो पक्षमा चुनाउ परिणाम नआएसम्म निर्वाचन आयोग र EVM मसिनमाथि आरोप लगाउँनुहुन्छ। उहाँले भन्नुभयो...............

यसअघि, लोकसभामा विपक्षका नेता श्री राहुल गान्धीले भारतीय जनता पार्टी र निर्वाचन आयोगमाथि कड़ा प्रहार गर्दै हरियाणा विधानसभा चुनाउमा व्यापक रूपमा धोखाधड़ीको आरोप लगाउनुभएको थियो।

-------------------------------------X---------------------------------
----

- VP Air Show

उपराष्ट्रपति CP राधाकृष्णनले आज छत्तीसगढ़को नवा रायपुरमा भारतीय वायु सेनाको प्रसिद्ध सूर्यकिरण एरोबैटिक टोलीको उत्कृष्ट एयर शोको अवलोकन गर्नुभयो। कौशल तथा सटीकताको यस अद्भुत प्रदर्शनले देशभक्तिको माहौल उत्पन्न गऱ्यो। यो छत्तीसगढ़ रजत महोत्सव समारोहअन्तर्गत राज्य गठनको पच्चीसौं वर्षगाँठको अवसरमा आयोजन गरियो।

असाधारण कौशल र तक्नीकी कौशलको प्रदर्शन गर्दै, सूर्यकिरण एरोबैटिक टोलीले विभिन्न अद्भुत हवाई करतब देखाए।

--------------------------------------X-----------------------------------
----

- Bihar First Phase Voting

बिहार विधानसभा चुनाउको पहिलो चरणका लागि भोली बिहान सात बजीदेखि साँझ छह बजीसम्म अठार जिल्लाका एक सय एक्काइस निर्वाचन क्षेत्रहरूमा मतदान हुनेछ। स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न सुरक्षाको कड़ा व्यवस्था गरिएको छ। पटना, वैशाली, नालन्दा, भोजपुर, मुंगेर, सारण, सीवान, गोपालगञ्ज, मुजफ्फरपुरसहित अठार जिल्लाहरूका विधानसभा क्षेत्रहरूमा भोली मतदान हुनेछ। मतदान प्रक्रियाको निगरानीका लागि सबै पैंतालीस हजार तीन सय एकचालीस मतदान केन्द्रहरूबाट वेबकास्टिङ गरिनेछ।
सबै मतदान केन्द्रहरूमा राज्य पुलिसका साथै केन्द्रिय सशस्त्र अर्धसैनिक बल तैनात गरिएको छ। महिला सशक्तिकरणलाई बढ़ावा दिन नौं सय छब्बीस महिला प्रबन्धित मतदान केन्द्र र एक सय सात दिव्याङ्गजनद्वारा बूथ स्थापित गरिएको छ। तीन सय बीस मोडल मतदान केन्द्र पनि बनाइएको छ, जहाँ सबै प्रकारको सुविधा उपलब्ध रहनेछ। पटनास्थित मुख्य निर्वाचन अधिकारी कार्यालयमा एउटा विशेष नियन्त्रण कक्ष स्थापित गरिएको छ। सबै गुनासोहरू फोन नम्बर 0 6 1 2 - 2 8 2 4- 0 0 1 र फ्याक्स नम्बर 0 6 1 2 - 2 2 1 5- 6 1 1 मा दर्ता गर्न सकिनेछ। गुनासो ईमेल ceo_bihar@eci.gov.in र ceobihar@gmail.com मा पनि दर्ता गर्न सकिनेछ।

--------------------------------------X-----------------------------------
----

- Goyal-New Zealand

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले भारत-न्यूभजीलेन्ड व्यापार फोरममा आज न्यूजीलेन्डका आफ्ना समकक्ष टोड मेक्ले-सित अकलेन्डमा भेट गर्नुभयो। यस अवसरमा श्री गोयलले दुवै देशबीच समुद्री, हवाई, शिक्षा, खेल, रक्षा र पर्यटन क्षेत्रमा आपसी साझेदारीलाई बढ़ाउनमाथि चर्चा गर्नुभयो। श्री गोयलले न्यूटजीलेन्डका प्रधानमन्त्री क्रिस्टोफर लक्जन र श्री मेक्ले-को साथमा भारतीय समुदायलाई सम्बोधन गर्नुभयो। उहाँले भन्नुभयो.........

-------------------------------------X-----------------------------------

----

- Air India

एयर इण्डियाको राहत विमान दिल्ली आउने उड़ान AI-174-का यात्रीहरू र चालक दललाई सुरक्षित वापस लिएर आएको छ, जो मंगोलियाको उलानबटोरमा फँसेका थिए। यो उड़ान सुरक्षाको हिसाबले मार्ग परिवर्तन गरिएको थियो। राहत विमान आज बिहान नयाँ दिल्ली आइपुग्यो। एयर इण्डियाले नागरिक उड्डयन महानिदेशालय र ती सबै मानिसहरूप्रति धन्यवाद व्यक्त गऱ्यो, जसले यस अवधि यात्रीहरू र चालक दलको हेरचाह सुनिश्चित गर्नमा सहयोग गरेको थियो।

आइतबार अमेरीकाको सेन फ्रान्सिस्कोबाट उड़ान भर्ने विमान AI-174-लाई सन्दिग्ध तक्नीकी समस्याका कारण सावधानीपूर्वक अवतरणका लागि उलानबटोर तर्फ मोड़िएको थियो।

-------------------------------------X-----------------------------------

----

- AI Governance Guidelines

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी मन्त्रालयले आज नयाँ दिल्लीमा भारत कृत्रिम बुद्धिमता सञ्चालनका दिशानिर्देशहरूको अनावरण गऱ्यो। यी दिशानिर्देशहरू विभिन्न क्षेत्रमा सुरक्षित, समावेशी र जिम्मेवारी कृत्रिम बुद्धिमता अपनाउने कुरा सुनिश्चित गर्ने व्यापक ढाँचा हुन्। यी दिशानिर्देशहरूको अनावरण भारत सरकारका प्रधान वैज्ञानिक सल्लाहकार प्रोफेसर अजय कुमार सूदले मन्त्रालयका सचिव S कृष्णनको उपस्थितिमा गर्नुभयो।

यस अवसरमा प्रोफेसर सूदले भन्नुभयो, यस ढाँचाको भावनालाई परिभाषित गर्ने मार्गदर्शक सिद्धान्त सरल छ, यसलाई कुनै हानि नपुऱ्याउँ। उहाँले भन्नुभयो, भारतले नवाचारका लागि स्यान्डबक्स अथवा उप-प्रणाली बनाउने र एउटा सुगम, अनुकूल प्रणालीभित्र जोखिम कम्ति भन्दा कम्ति गर्नमाथि ध्यान केन्द्रित गर्दछ। प्रोफेसर सूदले भन्नुभयो कि भारतले नवप्रवर्तनको लागि स्यान्डबक्सहरू सिर्जना गर्ने र सहज, अनुकूलन प्रणालीभित्र जोखिम न्यूनीकरण सुनिश्चित गर्ने कुरामा ध्यान केन्द्रित गर्दछ।

कार्यक्रममा खनिजको पत्तो लगाउनका लागि भारत AI ह्याकाथनका विजेताहरूको पनि घोषणा गरियो।

-------------------------------------X-----------------------------------

----

- UP accident

उत्तर प्रदेशको मिर्जापुरमा चुनार रेलवे स्टेशनमा आज बिहान रेलवे ट्र्याक पार गर्ने क्रममा कालका-हावड़ा मेल रेलगाड़ीको चपेटमा आउँदा छहजना श्रद्धालुहरूको मृत्यु भयो। जिल्लाधीश पवन कुमार गंगवार-काअनुसार कार्तिक पूर्णिमाको पवित्र स्नानका लागि श्रद्धालुहरूलाई लिएर गोमोह-प्रयागराज बरवाडी यात्रुवाहक रेलगाड़ी बिहान नौ बजेर पन्द्र मिनटमा सोनभद्रबाट प्लेटफर्म नम्बर चारमा पुग्यो। यस प्लेटफर्ममा उत्रिनको साटो श्रद्धालुहरू अर्कोतर्फ उत्रिए अनि प्लेटफर्म नम्बर तीनमा पुग्न पटरी पार गर्ने

कोशिश गरे। तथापि, उनीहरू त्यहाँबाट गइरहेको कालका मेल रेलगाड़ीको चपेटमा आए।

मुख्यमन्त्री योगी आदित्यनाथ र केन्द्रिय मन्त्री तथा स्थानीय सांसद अनुप्रिया पटेलले घटनामा शोक व्यक्त गर्दै अधिकारीहरूलाई तुरन्त घटनास्थलमा पुगेर राहत कार्य अघि बढ़ाउन अनि घाइतेहरूको उचित उपचार सुनिश्चित गर्न निर्देश दिनुभयो।

------------------------------------X----------------------------------

----

- Indian-American-Virginia

भारतीय मूलकी अमेरीकी नागरिक गजाला हाशमीले भर्जीनियाकी लेफ्टिनन्ट गवर्नर बनेर इतिहास रच्नुभएको छ। उहाँ यस पदमा चुनिने पहिलो भारतीय मूलकी पहिलो महिला बन्नुभएको छ। एकसट वर्षीय डेमोक्रेट पार्टीकी सुश्री गजालाले रिपब्लिकन पार्टीकी जन रीड-लाई हराउनुभयो। 1964-मा जन्मिनुभएकी सुश्री हाशमीले आफ्नो जीवनको शुरूवाती वर्ष हैदराबादको मलकपेटमा बिताउनुभयो। उहाँ चार वर्षको उमेरमा अमेरीका जानुभयो, जहाँ उहाँका पिता जोर्जियाको एउटा विश्वलविद्यालमा शिक्षक हुनुहुन्थ्यो।

------------------------------------X----------------------------------

----

- BJP Vande Mataram

भारतीय जनता पार्टीले शुक्रवार देशभक्ति गीत वन्दे मातरमको एक सय पचासौं वर्षगाँठको अवसरमा देशभरि एक सय पचास स्थानमा विशेष कार्यक्रम आयोजन गर्नेछ। आज नयाँ दिल्लीमा संवाददाता सम्मेलनमा भाजपा राष्ट्रिय महासचिव तरुण चुघले घोषणा गर्दै भन्नुभयो, केन्द्रिय मन्त्रीमण्डलले राष्ट्रिय गीत वन्दे

मातरमको एक सय पचास वर्ष पूरा भएको उत्सवका रूपमा पालन गर्ने निर्णय गरेको छ।

उहाँले भन्नुभयो, पार्टीले यस महिनाको छब्बीस तारिक पालन गरिने संविधान दिवससम्म वन्दे मातरम गायन कार्यक्रम आयोजन गर्नेछ। महासचिवअनुसार वन्दे मातरम गीत राष्ट्रवाद, एकता र ब्रिटिश शासन विरुद्ध प्रतिरोधको सामूहिक भावनाको एउटा प्रेरक प्रतिक बनेको छ।

--------------------------------------X-----------------------------------
----